# कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ्ग, रसुवा
प्रदेश नं.३, नेपाल
मिति :- २०७५/०३/३२

## सम्पत्ति विवरण पेश गर्ने बारे सम्पत्ति धनीहरूका लागि अत्यन्त जरुरी सूचना

यस कालिका गाउँपालिकाले हालसम्म मालपोत असूल गरी आएकोमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा यस गाउँपालिकाको स्थानीय आर्थिक ऐन, २०७५ बमोजिम आ.व. २०७५/०७६ देखि सम्पत्ति कर लागू गरिने भएकाले गाउँपालिका क्षेत्रभित्र घर तथा जग्गा रहेका घर तथा जग्गाधनीहरुलाई आफ्नो जग्गा र सो जग्गामा बनेको संरचनाको विवरण दाखिला गरी गाउँपालिकामा लगत कायम गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

सम्पत्तिको विवरण दाखिला गर्ने फारम कालिका गाउँ कार्यपालिकाको कार्यालयबाट यही २०७५ श्रावण १ गतेदेखि वितरण हुने हुँदा फाराम प्राप्त गर्नुभई सो फारममा सत्यतथ्य विवरण भरी आगामी २०७५ कार्तिक मसान्त भित्र गाउँ कार्यपालिकाको कार्यालयमा दाखिला गरिसक्नुहुन अनुरोध गरिन्छ । यस्तो विवरण जग्गाधनी आफै वा निजको सगोल परिवारका व्यक्ति वा निजको मन्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन् । गाउँपालिकाले तोकेको अन्तिम मितिसम्म पनि विवरण दाखिला नगर्ने जग्गाधनीहरूले विलम्ब शुल्क तिर्नुपर्ने हुँदा तोकिएको समयभित्रै आ-आफ्नो सम्पत्ति (घर र संरचना) को विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

सम्पत्ति करको विवरण दाखिला गर्नका लागि आ.व. २०७४/०७५ सम्मको मालपोत, धुरीकर र भूमिकर चुक्तागर्नु पर्नेछ । सम्पति कर तिरेपछि सो घर/जग्गामा मालपोत, भूमिकर र घरधुरी कर नलाग्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

**सम्पत्ति करको विवरण पेश गर्दा संलग्न राख्नुपर्ने आवश्यक पर्ने कागजातहरु**

क) एकीकृत सम्पत्ति कर लागू हुनुभन्दा अघिल्लो आर्थिक वर्षसम्मको मालपोत वा भूमिकर तिरेको निस्सा वा गाउँपालिकाको प्रमाणित विवरण ।

ख) जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपि वा जग्गाको स्वामित्व र क्षेत्रफल खुलेको प्रमाण कागजात ।

ग) निर्माण सम्पन्न भएको वा घर भएको प्रमाण ।

घ) आफु स्वयं उपस्थित हुन नसक्नेहरुको हकमा मन्जुरीनामा पत्र र मन्जुरीनामा पाउने व्यक्तिको नागरिकताको प्रतिलिपी ।

..................
मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत